# शुक्रबार भारी वर्षा र हावाहुरीको सम्भावना

## सचेत रहन मौसम विभागको आग्रह



काठमाडौं(जस)–मौसम पूर्वानुमान शाखाले शुक्रबार कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली स्थानमा भारी वर्षाः हिमपातको सम्भावना रहेको जनाएको छ । बिहीबार एक विज्ञप्ति जारी गर्दै नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको आंशिक प्रभाव रहेकाले चट्याङ, असिनासहित वर्षा र हावाहुरीको सम्भावना रहेको छ ।

शुक्रबार दाङ र नेपालगञ्जसहित लुम्बिनी प्रदेशका तराई क्षेत्रका आसपासका जिल्लाहरूमा र शनिबार पूर्वी क्षेत्रका विराटनगर, धनकुटा र धरान आसपासका जिल्लाहरूमा तीव्र हावाहुरी (झण्डै ३३ मिटर/सेकेण्ड वा करिब ११९ किमि/घण्टा) चल्ने सम्भावना रहेको छ । यस कारण रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने जोखिम रहने महाशाखाले जनाएको छ ।

आज राति कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरू, कोशी र गण्डकी प्रदेशको पहाडी र हिमाली भू-भागका थोरै स्थानहरू तथा लुम्बिनी, बागमती प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ/हावाहुरी/असिना सहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको विज्ञप्तिमा उल्लेख छ। शुक्रबार देशभर अधिकांश बादल लाग्नेछ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरू, गण्डकी, लुम्बिनी प्रदेश लगायत कोशी प्रदेशको पहाडी र हिमाली भू-भागका केही स्थानहरू तथा बाँकी प्रदेशको थोरै स्थानमा मेघगर्जन/ चट्याङ/असिनासहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेको छ। शनिबार पनि कोशी र बागमती प्रदेशको लगायत देशका पहाडी र हिमाली भूभागका केही स्थानहरू तथा बाँकी प्रदेशको थोरै स्थानमा मेघगर्जन/ चट्याङ/असिना सहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको छ ।

# अमेरिकी, इजरायली दूतावास र इरानी कन्सुलेट अगाडी प्रदर्शन



काठमाडौं(जस)-२८ फेब्रुवरी २०२६ मा इजरायल र अमेरिकाले इरानमा हवाइ आक्रमण गरेपश्चात जारी अमेरिका/इजरायल र इरानबीचको युद्ध तत्काल अन्त्य गरि शान्ति प्रवर्द्धनका लागि विशेष पहल गर्न आग्रहसहित मानव अधिकार तथा शान्ति समाजले काठमाडौंस्थित अमेरिका, इजरायलका राजदुताबास र इरानको कन्सुलेट कार्यालय अगाडी एकै दिन प्रदर्शन गरेको छ । 'अमेरिकाः आक्रमणकारी भुमिका बन्द गर । अरु देशको सार्वभौमसत्ताको सम्मान गर । इजरायलः बर्बरता र आक्रामकता बन्द गर। शान्तिपूर्ण सहअस्तित्वको मार्ग अवलम्वन गर । इरानः आणविक महत्वाकांक्षा परित्याग गर। आफ्नै नागरिक माथि दमन र अत्याचार बन्द गर' भन्दै काठमाडौं महाराजगन्जस्थित अमेरिकी राजदूतावास र लाजिम्पाटस्थित इजरायली राजदुतावास अगाडि विहान र दरवारमार्गस्थित इरानी कन्सुलेट कार्यालय अगाडि मध्यान्ह आधा घण्टा प्रदर्शन भएको थियो ।

प्रदर्शनमा शान्तिवादीहरुले 'युद्ध रोकः शान्ति प्रबर्द्धन गर, युद्धको बीज शासकहरूको अहंकार, हाम्रो चाहनाः हिंसारहित समाज-युद्धरहित विश्व, युद्धको खेती बन्द गर, शान्तिको सन्देश बुलन्द गर, युद्धको विस्तार मानवजातिको विनाश' लेखिएका प्लाकार्ड बोकेका थिए । प्रदर्शन पश्चात अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाइ शान्ति समाजका तर्फबाट लेखिएको पत्र अमेरिकी राजदूतावासमा हस्तान्तरण गरिएको थियो । 'युद्ध विस्तार हुँदै जानु विश्व शान्तिकै लागि गम्भीर खतरा भएकाले हाल जारी अमेरिका/इजरायल र इरानबीचको युद्ध तत्काल अन्त्य हुनुपर्छ भन्ने धारणा सहित युद्ध रोकी शान्ति प्रवर्द्धनका लागि विशेष पहल गर्न मानव अधिकार तथा शान्ति समाजका तर्फबाट महामहिम राष्ट्रपतिज्यूलाई हार्दिक आग्रह गर्दछौं,' शान्ति समाजले भनेको छ ।

'साथै, हामी र हामीजस्ता विश्वभरिका शान्तिवादीहरूको आग्रहलाई स्वीकार गरी महामहिम राष्ट्रपतिज्यूबाट शीघ्र युद्ध अन्त्यको घोषणा हुनेछ भन्नेमा हामी आशावादी छौं । यसैगरी हामी अमेरिकालाई युद्धको पक्षधर होइन, सदैव शान्तिका लागि अग्रसर भूमिकामा देख्न चाहन्छौं,' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाइ शान्ति समाजका तर्फबाट लेखिएको पत्रमा उल्लेख छ । प्रदर्शनमा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, सभापति रेनुका पौडेल, पूर्व सभापति गोविन्द खनाल, सल्लाहकार रामप्रसाद जोशीसहित दर्जनौ शान्तिवादीहरुको सहभागिता थियो । यसैगरी युद्ध तत्काल अन्त्य गरि शान्ति प्रवर्द्धनका लागि विशेष पहल गर्न आग्रहसहित मानव अधिकार तथा शान्ति समाजका जिल्ला शाखाहरुले बुटवल, सुर्खेत, भरतपुर, नेपालगन्ज, नुवाकोट, सल्यान, पाल्पा, पोखरा, बिर्तामोड, तेह्रथुम र तम्घासमा प्रदर्शन गरेका थिए ।

# 'हात्तीवन-चम्पादेवी' पदमार्गमा पर्यटकको आकर्षण बढ्दै



काठमाडौं । काठमाडौं उपत्यकाको नजिकै रहेको हात्तीवन चम्पादेवी पदमार्गमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको छ । काठमाडौं उपत्यकाको कोलाहल वातावरणलाई छल्न र आनन्दको अनूभूति लिनका लागि अहिले दक्षिणकाली नगरपालिकाको हात्तीवनबाट कीर्तिपुर नगरपालिकाको चम्पादेवीसम्म पदयात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्न थालेको हो । काठमाडौंको नयाँ बसपार्कबाट झण्डै १० किलोमिटर दूरीमा रहेको हात्तीवनको फेदबाट सुरु हुने उक्त पदमार्ग तीनदेखि चार घण्टाको पैदलमार्गबाट चम्पादेवीडाँडोमा पुगिन्छ।चम्पादेवीडाँडोसमुद्रसतहबाट दुई हजार २८५ मिटर उचाइमा पर्दछ। पदयात्रा, पारिवारिक वनभोज आदिका लागि चम्पादेवी उपयुक्त गन्तव्य मानिन्छ ।

लमजुङका प्रकाश घिमिरेले 'हात्तीवन-चम्पादेवी पदमार्ग'मा पदयात्रा गर्दा आफूलाई ज्यादै आनन्दित बनाएको बताए । "यस पदमार्गबाट काठमाडौं उपत्यकाको रमणीय दृश्य हेर्न पाउनुका साथै प्रकृतिसँग रमाउन पाइन्छ", उनले भने । पदयात्राका क्रममा शरीर थाकेपनि यहाँको प्राकृतिक सौन्दर्यताले पदयात्रीको थकान मेटाउने गरेको उनको अनुभव छ । काठमाडौंका पदयात्री डा. ज्योति गजुरेलले घना जंगल र जैविक विविधताका कारण उक्त पदमार्ग आकर्षक र उत्तम रहेको धारणा राखे । "पदमार्गमा हिँड्दा देखिने लालिगुँरासलगायत विभिन्न प्रजातिका फूल, काफल र विभिन्न किसिमका बोटबिरुवा र चराचुरुङ्गीको आवाजले आनन्द तुल्याएको छ", उनले भने । चम्पादेवीडाँडोमा जान हात्तीवनको फेदीका साथै बोसन गाउँबाटसमेत जान सकिन्छ । यसबाहेक फर्पिङबाट पनि यहाँ जान सकिन्छ । कीर्तिपुरको मच्छेगाउँ र चन्द्रागिरि नगरपालिकाबाट चम्पादेवी पुग्न सकिन्छ । बोसन गाउँ दक्षिणकाली नगरपालिका-१ मा पर्दछ । बोसन गाउँका स्थानीय मधुसुदन तामाङले पछिल्लो समय चम्पादेवी पदमार्गमा जाने पर्यटकको सङ्ख्या बढेको बताए । उनका अनुसार अन्य दिनमा दुई सयदेखि तीन सयसम्म पदयात्री जाने गरेकामा शनिबार र बिदाको दिनमा हजारौँ पदयात्री जाने गरेका छन् ।

चम्पादेवी क्षेत्र सुधार तथा व्यवस्थापन संस्थाका अध्यक्ष जनक तामाङले विसं २०६६ देखि सुरु भएको उक्त पदमार्ग अहिले स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्रविन्दु बनेको बताए । विसं २०६६ मा नेपाल सरकारको पर्यटन पूर्वाधार विकास आयोजनाले रु तीन करोड लगानीमा उक्त पदमार्गको सुरुवात गरेको थियो । यो पदमार्ग काठमाडौं उपत्यकाकै पहिलो पदमार्ग हो। उक्त पदमार्गको विकास र विस्तारका लागि दक्षिणकाली नगरपालिकाले ठूलो लगानी गरेको छ। अध्यक्ष तामाङका अनुसार चम्पादेवीमा मङ्सिर पूर्णिमा र नयाँ वर्षको अवसरमा ठूलो मेला लाग्ने गर्दछ । भूकम्पले क्षति पुगेको चम्पादेवी मन्दिर तथा त्यस आसपासको क्षेत्रको पुरातत्त्व विभागले पुनःनिर्माण गरेको हो। उक्त मन्दिर र त्यसवरपरको क्षेत्र पुनःनिर्माणका लागि रु २८ लाख खर्च भएको छ ।

यो पदमार्ग धार्मिक, प्राकृतिक र साहसिक अनुभवका लागि महत्त्वपूर्ण पदमार्गसमेत हो । यो पदमार्गबाट काठमाडौं उपत्यकाको मनोरम दृश्यका साथै गौरीशंकर, लाङटाङलगायतका हिमशृङ्खला सजिलै देख्न सकिन्छ । बोसन गाउँबाट चम्पादेवी मन्दिरसम्म जानका लागि केबुलकारसमेत निर्माण हुन लागेको छ। चम्पादेवीको फेन्ड्ली कम्पनीले दक्षिणकाली नगरपालिका-१ बोसनगाउँबाट कीर्तिपुर नगरपालिका-४ चम्पादेवी डाँडासम्म केबुलकार निर्माण गर्न लागेको हो । केबलकार निर्माणका लागि वातावरणीय अध्ययनको काम अन्तिम चरणमा पुगेको अध्यक्ष तामाङले जानकारी दिए । उनका अनुसार रु पाँच अर्ब लगानीमा निर्माण हुन लागेको उक्त केबुलकारको काम दुई वर्षभित्र पूरा हुनेछ। दुई किलोमिटर लम्बाई भएको उक्त केबुलकारमा १२ टावर हुनेछन्, भने मानिस बोक्ने ३४ गोण्डुला, सामान बोक्ने दुई गोण्डुला र मर्मतको सामान बोक्ने एक गोण्डुला हुनेछन् । केबुलकार निर्माण भएपछि बोसन गाउँबाट चम्पादेवी पुग्न सात मिनेट लाग्नेछ। रासस


## Kalika Municipality
## Office of Municipal Executive

**Redcrossgram, Chitwan**

## INVITATION FOR BIDS

**First date of publication: - 2082-12-06 B.S / (20th March, 2026)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 21/Works/NCB/ KM/082/083 | Kalika 11 no Woda Dekhi Majhabang Hudai Rapti 1 Thakuri Bhanjhyang Sammko Krishi Sadak Kalika Na Pa | 21,32,648.80 | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-05-01 B.S (17th August, 2026)).** | 55,000/- | 3,000.00 |
| 2. | 22/Works/NCB/ KM/082/083 | Madan Asrit Dekhi Pakshim Kabita Neupane Ko Gharchowk Bato Kalopatrey, Kalika -4 | 67,03,039.07 | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-05-01 B.S (17th August, 2026)).** | 1,70,000/- | 3,000.00 |
| 3. | 23/Works/NCB/ KM/082/083 | Gopi Lamako Ghar dekhi Udaypur Sa.Ban kathepul dekhi Rumba tol sadak, Kalika-07 | 59,34,231.04 | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-05-01 B.S (17th August, 2026)).** | 1,50,000/- | 3,000.00 |
| 4. | 24/Works/NCB/ KM/082/083 | DTH Deep Tubewell Construction At Different ward 3,4 and 7 OF Kalika Municipality (first Phase) | 56,55,674.24 | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-05-01 B.S (17th August, 2026)).** | 1,45,000/- | 3,000.00 |
| 5. | 25/Works/NCB/ KM/082/083 | DTH Deep Tubewell Construction At Different ward 1,5 and 6 OF Kalika Municipality (Second Phase) | 53,94,142.52 | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-05-01 B.S (17th August, 2026)).** | 1,40,000/- | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: **Before 12 PM** on **2083-01-06 B.S (19th April, 2026)**

Bids Opening Date: **At 13:00 PM** on **2083-01-06 B.S (19th April, 2026)**

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**